प्रकाशनः 2025 साल 12 महिना/शीत ऋतु अंक

# नाकानो वडा विदेशी परामर्श काउन्टर सूचना पत्रिका

**नाकानो वडा कार्यालयको विदेशी परामर्श काउन्टरको बारेमा थाहा छ ?**

वडा कार्यालयबाट चिठीपत्र आएको छ के गर्दा होला ?

माइनम्बर कार्ड बनाउन चाहन्छु !

निःशुल्क जापानी भाषा पढ्न पाईने ठाउँ छ ?

बच्चालाई जापानी स्कुलमा पठाउन चाहन्छु ? आदि

दैनिक जीवनमा आईपरेका विविध समस्याहरूको बारेमा निर्धक्क भएर परामर्श गर्नुहोस् ।
आवश्यकता अनुसार वडा कार्यालयको सम्वन्धित विभाग अथवा अन्य संस्थाहरूको जानकारी दिइनेछ ।

## नाकानो वडा विदेशी परामर्श काउन्टर

**समय**

कार्यालय खुल्ने दिन
बिहान 10 बजेदेखि 12 बजेसम्म
दिउँसो 13 बजेदेखि 17 बजेसम्म
※ शनि, आइत, सार्वजनिक बिदा र वर्षको अन्त्य तथा नयाँ वर्षको बिदा 12 महिनाको 29 देखि 1 महिनाको 3 सम्म बिदा

**डेस्क परामर्श**

नाकानो वडा कार्यालय 4 तला

**फोन**

03-3228-8929 (सीधा सम्पर्क)

**भाषा**

अंग्रेजी, चिनिया, जापानी भाषा
※ भाषा अनुवाद गर्ने ट्यावलेटमार्फत 30 वटा भाषाहरूमा परामर्श गर्न सकिनेछ ।

## विदेशीका लागि नाकानिवा बैठक

विदेशी नागरिकहरूका लागि वडा कार्यालयको 2 तलामा परामर्श कार्यक्रम आयोजना गरिन्छ । सम्बन्धित विशेषज्ञसँग निवास अनुमति र जापानी नागरिकतासँग परामर्श लिन सकिने दिन पनि हुन्छ ।

**समय**

1 महिना 20 (मंगल), 2 महिना 17 (मंगल)
3 महिना 17 (मंगल)
बिहान 10 बजेदेखि 12 बजेसम्म, दिउँसो 13 बजेदेखि 16 बजेसम्म

**स्थान**

नाकानो वडा कार्यालय 2 तला

## जापानी संस्कृतिको परिचय

### नयाँ वर्ष

जनवरी १ मा मनाइने "ओस्योगाचु" (नयाँ वर्ष) जापानको वर्षभरीको पर्वहरू मध्ये सबैभन्दा ठूलो पर्व हो। वर्षको अन्त्य र नयाँ वर्षको सुरुवातमा कम्पनी र विद्यालयहरू बिदा हुने भएकाले धेरै मानिसहरू गाउँ फर्किन्छन्, आफ्नो परिवारसँग भेटघाट गर्छन । कोही आराम गरेर समय बिताउँछन् त कोही घुम्न जान्छन् ।
यसका साथै, नयाँ वर्षको समयमा विशेष प्रकारका परिकारहरू पनि बनाएर खाने चलन छ। त्यसको प्रतिनिधि "ओसेचि र्योउरी" हो। सुन्दर रूपमा बाकस भित्र राखिएको यो परिकार नयाँ वर्षको पहिलो भोजनमा पस्किने गरिन्छ। ओसेचि र्योरीमा राखिने परिकारहरू दर्जनौं प्रकारका हुन्छन् र क्षेत्रअनुसार फरक–फरक पनि हुन्छन् । उदाहरणका लागि "काजुनोको" (माछाको अण्डा) = धेरै सन्तान होस् भन्ने शुभकामनाका लागि, "कुरो मामे" (कालो सोयाबिन) = मेहनती भएर काम गर्न सकियोस् भनेर, "कुरी किन्तोन" (सुनौलो रङको चेस्टनट परिकार) = सुनको रङ भएकाले धन संचित होस् भन्ने अर्थमा यस्ता धेरै परिकारहरू शुभसङ्केतका अर्थमा तयार पारिन्छन्।



「स्वतन्त्र प्रशासनिक निगम जापान फाउण्डेसन जापानी भाषा अन्तर्राष्ट्रिय प्रतिष्ठान」

## वर्षको अन्त्य र नयाँ वर्षमा फोहोर फाल्ने बारेमा

वर्षको अन्त्य र नयाँ वर्षमा फोहोर संकलन नगर्ने दिन हुन्छन् । फोहोर संकलन नहुने दिन, संकलन गर्न शुरू गर्ने दिनको बारेमा अगाडि नै जानकारी राख्नुहोस् ।

| प्रकार | फोहोर संकलन नहुने |
|---|---|
| बोतल・क्यान・पेट बोतल | 12 महिना 31 तारिकदेखि 1 महिना 4 तारिकसम्म |
| ठूला फोहोर (अग्रिम आवेदन) | 12 महिना 28 तारिकदेखि 1 महिना 4 तारिकसम्म |
| सिरेमिक, शिसा र धातुको फोहोर | 12 महिना 31 तारिकदेखि 1 महिना 3 तारिकसम्म |
| पुन: प्रयोग गर्न मिल्ने प्लास्टिकहरू | |
| जल्ने फोहोर(※) | |

(※) 1 महिनाको 4 तारिक केही क्षेत्रहरूमा जल्ने फोहोरको विशेष संकलन हुनेछ । विस्तृत जानकारीको लागि वेबसाइट अथवा नाकानो फोहोर व्यवस्थापन एपमा हेर्नुहोस् ।

होम पेज ▶

फोहोर छुट्याउने एप ▶

## ｢नाकानो वार्ड 20 वर्ष उमेरका युवाहरूको भेटघाट समारोह｣

2025 साल 12 महिनाको शुरूमा वडामा बस्ने 20 वर्ष उमेर पुगेका व्यक्तिहरूलाई यस समारोहमा सहभागिताको लागि हुलाक मार्फत निमन्त्रणा पठाइनेछ । निमन्त्रणा कार्डमा विस्तृत जानकारी हेर्नुहोस् । पत्र आइनपुगेमा सम्पर्क गर्नुहोस् ।

**समय** 2026 साल 1 महिना 12 तारिक (सोम)

**स्थान** नाकानो-कु, नाकानो 2-9-7
नाकानो ZERO

**लक्षित व्यक्ति** 2005 साल 4 महिना 2 तारिकदेखि 2006 साल 4 महिना 1 तारिकसम्म जन्मिएका व्यक्ति, नाकानो वडामा बस्ने अथवा नाकानोमा पढ्ने विद्यार्थी तथा काम गर्ने कर्मचारी

**सम्पर्क** स्वास्थ्य विकास इकाई
03-3228-5648

थप विवरणको लागि कृपया वेबसाइट चेकजाँच गर्नुहोस् ▶

## नाकानो दौड महोत्सव

यो ｢नाकानो शिकि नो मोरी पार्क｣ मा उत्साहपूर्वक दौडिन सकिने रनिङ तथा रिले म्याराथन कार्यक्रम हो । खानपिनका स्टलहरू सहित अन्य रमाइला सामग्रीहरूले भरिपूर्ण यो एक रनिङ फेस्टिवल हो ।

**समय** 2026 साल 3 महिना 8 तारिक(आइत)
बिहान 9:20 देखि अपरान्ह 16:30 सम्म

**स्थान** नाकानो शिकि नो मोरी पार्क
नाकानो-कु, नाकानो 4-12・13

**आवेदन** दौडमा सहभागी हुने धावकले 2 महिनाको 1 तारिकसम्म नाम दर्ता गर्नुहोस् ।
उक्त दिन कार्यक्रममा उपस्थित हुन अग्रिम आवेदन दिन आवश्यक पर्दैन ।

☆प्रतियोगिताको प्रकार अनुसार सहभागी शुल्क र सहभागिता संख्या फरक–फरक हुन्छ । विस्तृत जानकारीको लागि कृपया होमपेजमा हेर्नुहोस् । ▶

## हिनासामा प्रदर्शनी

यामाजाकी परिवारको हिनामाचुरीका सजावट नाकानो वडाको सांस्कृतिक सम्पदाको रूपमा मान्यता प्राप्त छ । यस प्रदर्शनीमा एदो कालदेखि हेइसेइ काल (1603 देखि 2019 सम्म) का हिनामाचुरीका पुतली तथा सजावटहरू अवलोकन गर्न सकिन्छ ।

**समय** 2026 साल 2 महिना 10 तारिकदेखि 3 महिना 14 तारिकसम्म

**स्थान** नाकानो वडाको ऐतिहासिक तथा लोक–सांस्कृतिक सङ्ग्रहालय
नाकानो-कु, एगोता 4-3-4

**प्रवेश शुल्क** नि:शुल्क



वार्षिक कार्यक्रमको तालिका यहाँबाट हेर्नुहोस् । ▶

प्रकाशक:नाकानो कु, नागरिक मामिला विभाग, नागरिक सेवा शाखा, नागरिक परामर्श इकाई
विदेशी परामर्श काउन्टर 03(3228)8929(सीधा सम्पर्क)
〒164-8501 नाकानो कु, नाकानो 4-11-19 नाकानो वडा कार्यालयको 4 तला
वर्षमा 4 पटक ( 6 महिना, 9 महिना, 12 महिना, 3 महिना) जापानी, अंग्रेजी, चिनियाँ र नेपाली भाषामा प्रकाशित गरिनेछ ।